संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार
उच्चायुक्तको कार्यालय, नेपाल

United Nations
Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

प्रेस विज्ञप्ति – २०६६ जेठ २८

## शान्ति प्रक्रियाको भावनालाई सम्मान गर्न उच्चायुक्तको कार्यालय-नेपालद्वारा राजनीतिक पात्रहरूलाई आग्रह

राजनीतिक दल तथा तीसँग सम्बद्ध समूहहरूद्वारा बढ्दो सङ्ख्यामा भएका हिंसात्मक कार्य तथा त्यसपछिका प्रतिशोधका धम्कीहरूले शान्ति प्रक्रियालाई खतरा पुऱ्याउन सक्ने कुराप्रति उच्चायुक्तको कार्यालय-नेपाल चिन्तित भएको छ।

यो कार्यालय आफ्ना कार्यकर्ताहरूले शान्तिपूर्ण तरिकाले आफ्ना वैधानिक गतिविधिहरू गर्न पाउने अन्य राजनीतिक दलका अधिकारहरूको सम्मान सुनिश्चित गर्न राजनीतिक दलका नेता तथा तिनका सम्बद्ध निकायहरूलाई आह्वान गर्छ। घटना भएमा सबै दलले कानुनी शासनको सम्मानका लागि वकालति गर्नुपर्छ। यसमा धम्क्याउने वा प्रतिशोधमा संलग्न हुने भन्दा तत्काल पूर्ण अनुसन्धान गर्ने तथा जिम्मेवारहरूलाई जवाफदेही बनाउने कुरा सुनिश्चित गर्न नेपाल प्रहरीलाई सघाउने कुरा पर्छ।

> "आफ्ना सदस्यहरू धम्कीपूर्ण अभिव्यक्ति दिनेलगायत हिंसाबाट पछि हट्ने कुरा सुनिश्चित गर्न र मानवअधिकारको सम्मानलगायत विस्तृत शान्ति सम्झौतामा गरिएका प्रतिबद्धताहरूलाई सम्मान गर्न म सबै नेताहरूलाई आह्वान गर्छु," उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो।

**For further information contact Marty Logan, Tel.: 428 0164 (Ext.321); 98510 16922 (mobile), mlogan@ohchr.org, or Chun Gurung, tel: 4280164, ext 320; 98510 16937 (mobile), cgurung@ohchr.org**